**The Journal of Deukhuri Multiple Campus**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# संस्कृत व्याकरण शिक्षणका विधि र प्रक्रिया

मतिप्रसाद ढकाल(विद्यावारिधि)
सहप्राध्यापक
नेसंवि, कालिका संस्कृत विद्यापीठ गैंडाकोट, नवलपरासी, नेपाल

*Article History: Submitted Aug.17, 2025; Reviewed Dec. 1, 2025; Revised Dec.7, 2025*
*Corresponding Author: Mati Prasad Dhakal, E-mail: dhakalmatip@gmail.com*

**सार सङ्क्षेप**

*प्रभावकारी शिक्षणका लागि बृहदारण्यकोनिषद्मा दर्शन, श्रवण, मनन र निदिध्यासन, पाणिनिकालमा प्रकथन, भासन, विमति, विप्रलाप र प्रतिश्रवण तथा पतञ्जलिकालमा आगम, स्वाध्याय, प्रवचन र व्यवहार शिक्षण विधिको उपयोग गरिएको पाइए पनि वर्तमानमा दर्शनविधि, प्रकथनविधि, भासनविधि र आगमविधिलाई अप्रत्यक्ष रूपमा अवलम्बन गरिँदा अन्य श्रवण, मनन आदि प्राच्य शिक्षण विधिहरूको उपयोग हुन सकेको पाइँदैन । आधुनिक शिक्षण विधिका रूपमा वर्तमानमा प्रचलित व्याख्यान, समस्या, आगमन, निगमन, प्रदर्शन, प्रश्नोत्तर, संश्लेषण, विश्लेषण, वस्तु, दृष्टान्त, कथन, शोध, डाल्टन योजना आदि शिक्षण विधिहरूमध्ये संस्कृत व्याकरण शिक्षणका लागि व्याख्यान, निगमन, आगमन, प्रदर्शन र प्रश्नोत्तर शिक्षण विधि बढ्ता उपयोगी मानिएका छन् । संस्कृत व्याकरणहरूमध्ये वर्तमानमा पाणिनीय व्याकरण नै महत्त्वपूर्ण मानिन्छ र पाणिनीय व्याकरणका प्रक्रिया, परिष्कार र दार्शनिक गरी तीन प्रकारका ग्रन्थहरूमध्ये यहाँ प्रमुख प्रक्रियाग्रन्थका रूपमा वर्तमानमा पठनपाठन हुँदै आएको 'वैयाकरणसिद्धान्तकौमुदी' ग्रन्थअन्तर्गतका भ्वादि प्रकरणदेखि स्वर प्रकरणसम्मका प्रकरणहरूमा आधारित तिङन्त, सनाद्यन्त, आत्मनेपद र परस्मैपद, भाव, कर्म र कर्तृ, लकारार्थ, कृदन्त, वैदिक र स्वर गरी आठ प्रकरणहरूको शिक्षण प्रक्रियाका आधारभूत विशेषताहरूका बारेमा हालसम्म पृथक् अध्ययन नगरिएकाले यसमा त्यस्ता विशेषताहरूको अध्ययन–विश्लेषण गरिएको छ ।*

शब्दकुञ्जी: चरण, प्रकरण, रूप, व्याख्यात, सूत्र ।

## परिचय

पठनपाठनका क्रममा अवलम्बन गर्न सकिने विभिन्न शिक्षण कलाहरूलाई शिक्षण विधि भनेर चिनिन्छ। आप्टे (२००७) का अनुसार 'विधि' भन्नाले प्रणाली, रीति, पद्धति, साधन वा ढङ्ग भन्ने बुझिन्छ भने 'प्रक्रिया' भन्ने शब्दले रीति, प्रणाली, पद्धति वा कुनै पुस्तकको एउटा अनुभागलाई बुझाउँछ । सतही रूपमा हेर्दा विधि र प्रक्रिया दुवै शब्द पर्यायवाचीजस्ता देखिए पनि विधिले समष्टिगत पद्धतिलाई र प्रक्रियाले विधिअन्तर्गतका अवान्तर तरिकालाई बुझाउँछ । पाठ्यवस्तुलाई कसरी प्रस्तुत गर्ने भन्ने बारेमा वर्तमान विश्वमा विभिन्न शिक्षण विधिहरू प्रचलनमा रहेका छन् तर वर्तमान शिक्षण प्रणालीमा उपनिषद्, व्याकरणमहाभाष्य आदि ग्रन्थहरूमा उल्लेख गरिएका प्राचीन शिक्षण विधिहरूलाई उपयोग गर्ने विषयमा संस्कृत विश्वविद्यालयको समेत गम्भीर

ध्यान आकृष्ट हुन सकेको देखिँदैन। वर्तमान नेपालमा संस्कृत विषयहरूको शिक्षणमा पाठ्यक्रमले माध्यम भाषाका रूपमा संस्कृत नै प्रयोग गर्नुपर्ने निर्देश गरे पनि व्यवहारमा, शिक्षणमा र प्रवचनमा समेत संस्कृतको उपेक्षा गरिँदै आइएकाले प्राध्यापक र विद्यार्थीहरूलाई ठूलो क्षति हुँदै गएको हुँदा संस्कृत शिक्षाको उन्नतिका लागि शिक्षण, मूल्याङ्कन र वाग्व्यवहारमा समेत माध्यम भाषाका रूपमा संस्कृत भाषाको अनिवार्य प्रयोग गर्नुपर्छ (ढकाल, २०६२, पृ. १८)। नेपालमा संस्कृतका शास्त्रीय विषयहरूको शिक्षणमा विद्यार्थीस्रोतको ह्रास, अभिभावकको उपेक्षा, शिक्षकहरूको अनुत्साह, सामाजिक अप्रतिष्ठा, कार्यक्षेत्रको न्यूनता, राज्यव्यवस्थापकहरूको उपेक्षा, संस्कृत शिक्षाको निर्बल आधार (उपाध्याय, २०५३, पृ. ९७–१००), कक्षागत उपस्थितिमा न्यूनता, पढाइमा भन्दा कर्मकाण्डप्रति बढ्ता मोह, ज्ञानमा भन्दा जसरीतसरी परीक्षा उत्तीर्ण गर्न गरिने प्रयास आदि समस्याहरू रहेका र तिनको क्रमश: निराकरण गर्दै जाने प्रयास हुन सकेका खण्डमा मात्र संस्कृतका अन्य विषयसँगै व्याकरण विषयको शिक्षणका विधि र प्रक्रियाहरू पनि प्रभावकारी र बढ्ता उपलब्धिमूलक बन्न सक्नेछन्। यसै सन्दर्भमा यहाँ बृहदारण्यकोपनिषद्, पाणिनि र पतञ्जलिका समयमा व्याख्यात शिक्षण विधिको सामान्य चर्चासँगै संस्कृत व्याकरण शिक्षणमा उपयोग गर्न सकिने प्रमुख विधि र प्रक्रियाका बारेमा विचारविमर्श गर्ने प्रयत्न गरिएको छ।

## अध्ययनको समस्या

संस्कृत व्याकरणअन्तर्गत पाणिनीय व्याकरणमा आधारित वैयाकरणसिद्धान्तकौमुदीको वर्तमानमा समेत पठनपाठन हुँदै आए पनि यसको प्रभावकारी शिक्षणमा नवीनतम विधि र प्रक्रियाहरूको उपयोग गर्न नसकिएकाले यस अध्ययनमा निम्नलिखित समस्याहरू देखिएका छन्:

(क) संस्कृत व्याकरणको शिक्षणमा के–कस्ता विधिहरूको अवलम्बन गर्न सकिन्छ ?

(ख) संस्कृत व्याकरणको शिक्षणमा उपयोग गर्न सकिने प्रमुख प्रक्रियाहरू के–कस्ता छन् ?

## अध्ययनको उद्देश्य

अध्ययनको समस्या शीर्षकमा उल्लेख गरिएका उपर्युक्त मूलभूत समस्याहरूको समाधान गर्नका लागि यस अध्ययनका निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएका छन्:

(क) संस्कृत व्याकरणको शिक्षणमा अवलम्बन गर्न सकिने प्रमुख विधिको परिचयात्मक अध्ययन गर्नु र

(ख) संस्कृत व्याकरणअन्तर्गतको वैयाकरणसिद्धान्तकौमुदीको भ्वादिप्रकरणदेखि स्वरप्रकरणसम्मका प्रकरणहरूको शिक्षणमा उपयोग गरिने प्रमुख प्रक्रियाहरूको विश्लेषण गर्नु।

## पूर्वकार्यको समीक्षा

उपाध्याय र देवनाथ (१९९२) ले संस्कृत व्याकरणशिक्षणका केही विधिहरूका बारेमा, उपाध्याय (२०५३) ले संस्कृतका शास्त्रीय विषयको शिक्षणका सन्दर्भमा र घिमिरे (२०२३) ले बृहदारण्यकोपिषदमा आधारित श्रवण, मनन र निदिध्यासन शिक्षण विधिको सामान्य चर्चा गरेका भए पनि वर्तमानमा संस्कृत व्याकरणमा उपयोग गर्न सकिने प्रमुख शिक्षण विधिहरूका आधारमा प्रतिनिधिमूलक वैयाकरणसिद्धान्तकौमुदी

ग्रन्थका प्रकरणहरूको प्रक्रियापरक अध्ययन एवं विश्लेषण हालसम्मका पूर्वाध्ययनहरूमा भएको नपाइएकाले यो अध्ययन गरिएको हो।

## अध्ययन विधि र प्रक्रिया

अनुसन्धानका मुख्यतः परम्परित र वैज्ञानिक दुई पद्धति (शर्मा र लुइटेल, २०५२, पृ. ११) मध्ये यो अध्ययन मुख्यत: परम्परित अनुसन्धान पद्धतिअन्तर्गतको निगमनात्मक अध्ययनविश्लेषण विधिमा आधारित छ। त्यसका साथै वैज्ञानिक अनुसन्धान पद्धतिअन्तर्गतको वर्णनात्मक अध्ययन विधिको अंशत: उपयोग गरी 'स्थालीपुलाकन्याय' वा नमुना छनोट विधिको विशेष उपयोग गरेर वैयाकरणसिद्धान्तकौमुदीको तिङन्तअन्तर्गतको भ्वादि प्रकरणदेखि स्वरप्रकरणसम्मका प्रक्रियालाई प्रतिनिधिमूलक नमुना छनोटका रूपमा ग्रहण गरी तदन्तर्गतका प्रक्रियाहरूको विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ। त्यस क्रममा संस्कृत वाङ्मयमा विभिन्न व्याकरणहरू रहे पनि हालसम्म समेत पठनपाठनका रूपमा प्रचलनमा रहेको पाणिनीय व्याकरणअन्तर्गतको 'वैयाकरणसिद्धान्तकौमुदी'का बारेमा मात्र यस अध्ययनलाई विषयगत सीमाङ्कन गरिएको छ।

नियम वा सिद्धान्तलाई अगाडि राखी त्यसकै आधारमा विद्यमान समस्याको समाधान गरेर निष्कर्ष निकाल्ने विधि नै निगमनात्मक विधि हो (शर्मा र लुइटेल, २०५२, पृ. १२)। पाणिनीय व्याकरण परम्पराको स्थापित सत्यमै केन्द्रित भएर गरिएकाले यो अध्ययन परिमाणात्मकतामा नभई गुणात्मकतामा आधारित छ। आधुनिक आर्यभाषाका व्याकरणहरूले समेत प्रेरणा र प्रभाव गर्दै आएको पाणिनीय व्याकरणको प्रक्रिया शिक्षणको प्रतिनिधिमूलक ग्रन्थ वैयाकरणसिद्धान्तकौमुदीका प्रकरणगत विशेषताहरूको विश्लेषण गर्दै निष्कर्षमा पुग्ने प्रयत्न यस अध्ययनमा भएको छ।

## छलफल र परिणाम

संस्कृत व्याकरण शिक्षणका विधि र प्रक्रियाको अध्ययन–विश्लेषण गर्ने क्रममा संस्कृत वाङ्मयका मुख्यत: उपनिषद्, अष्टाध्यायी र व्याकरणमहाभाष्यमा व्याख्यान गरिएका श्रवण, मनन आदि शिक्षण विधिहरू तथा वर्तमानमा प्रचलित विभिन्न शिक्षण विधिहरूमध्ये व्याख्यान, समस्या, आगमन, निगमन, प्रदर्शन र प्रश्नोत्तर शिक्षण विधिहरूको चर्चा गर्दै संस्कृत व्याकरणको शिक्षण प्रक्रियाका लागि 'वैयाकरणसिद्धान्तकौमुदी' ग्रन्थका तिङन्त प्रकरणदेखि स्वर प्रकरणसम्मका प्रमुख प्रकरणहरूको अध्ययन एवं विश्लेषणसहित निष्कर्ष प्रस्तुत गरिएको छ।

### संस्कृत वाङ्मयमा व्याख्यात शिक्षण विधि

संस्कृत विश्वविद्यालयमा पठनपाठन हुने संस्कृत र आधुनिक विषयहरूको शिक्षणका लागि समेत संस्कृत वाङ्मयमा व्याख्यान गरिएका शिक्षण विधिको र वर्तमान विश्वमा प्रचलित प्रमुख शिक्षण विधिहरूको संयोजन गरी पठनपाठन हुनु आवश्यक छ। त्यसै सन्दर्भमा उपनिषद्, पाणिनि र पतञ्जलिका समयमा व्याख्यान गरिएका केही शिक्षण विधिहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ।

बृहदारण्यकोपनिषद्मा व्याख्यात शिक्षण विधि

बृहदारण्यकोपनिषद् (२।४।५) मा याज्ञवल्क्य र मैत्रेयीको संवादमा आत्मज्ञानका सन्दर्भमा आत्मा नै दर्शन, श्रवण, मनन र निदिध्यासन गर्न योग्य भएकाले आत्मालाई देख्नाले, सुन्नाले, सम्झनाले र जान्नाले सबै गाँठाहरू खुल्दछन् (२०५८, पृ. ५३६–५३७) भन्ने कुरा उल्लेख गरिएको पाइन्छ। उपनिषद्का यी चार चरणलाई शिक्षणका चार विधिका रूपमा लिन सकिन्छ: दर्शन विधि, श्रवण विधि, मनन विधि र निदिध्यासन विधि। यीमध्ये श्रवण, मनन र निदिध्यासन तीन विधिहरू औपचारिक वा अनौपचारिक शिक्षाका तल्लो तहदेखि उच्च तहसम्मका जुनसुकै विषयको शिक्षणमा उपयोग गर्न सकिन्छ (घिमिरे, २०२३, पृ. २२३)। वर्तमानमा सबैजसो विषयको शिक्षणमा अपनाउँदै आइएको शिक्षण विधि बढ्ता सतही रूपमा दर्शनमा मात्रै केन्द्रित रहेको छ भने गम्भीर रूपमा श्रवण, मनन र निदिध्यासन गर्नेतर्फ अग्रसर भएको देखिँदैन।

पाणिनिकालमा व्याख्यात शिक्षण विधि

पाणिनिको ‘अष्टाध्यायी’मा प्रयोग गरिएका प्रकथन (१।३।३२), भासन, विमति (१।३।४७), विप्रलाप (१।३।५०), प्रतिश्रवण (८।२।९९) जस्ता केही शब्दका आधारमा उनका समयमा त्यस्ता केही शिक्षणविधिहरू थिए भन्ने सुइँको पाइन्छ। तत्काल स्फुरण भएका विषयमा मौखिक निरूपण गर्नु नै ‘प्रकथन’ हो भने कुनै कुराको बढाइचढाइ गरेर व्याख्यान गर्नुलाई पनि ‘प्रकथन’ भनिन्छ (वामन–जयादित्य, २०४२, पृ. ४३–४४), जस्तै: गाथा प्रकुरुते (कथाहरूलाई व्याख्यान गर्दछ), जनापवादान् प्रकुरुते (लोकापवादहरूलाई व्याख्यान गर्दछ) आदि। विषयवस्तुमाथि प्रकाश पार्नु वा त्यसको तार्किक व्याख्यान गर्नुलाई ‘भासन’ भनिन्छ (दीक्षित, २००४, पृ. ५६६), जस्तै: शास्त्रे वदते (शास्त्रका सम्बन्धमा तर्कसङ्गत व्याख्यान गर्दछ)। कुनै पनि विषयमा विभिन्न किसिमका मतहरूको विवेचना गर्नुलाई ‘विमति’ भनिन्छ (वामन–जयादित्य, दीक्षित्, २००४, पृ. ५५), जस्तै: क्षेत्रे विवदन्ते, गेहे विवदन्ते अर्थात् खेत र घरका विषयमा विवाद गर्दछन् वा विभिन्न मतहरू प्रकट गर्दछन्। परस्परविरोधी वचनहरू व्यक्त गर्नु वा त्यस्ता वचनलाई विद्वान्हरूका बीचमा शास्त्रार्थ गर्नुलाई ‘विप्रलाप’ भनिन्छ (वामन–जयादित्य, दीक्षित्, २००४. ५५), जस्तै: विप्रदन्ते विप्रदन्ति वा सांवत्सरा: मौर्हूता: अर्थात् वैद्यहरू र ज्योतिषीहरू एकआपसमा विवाद वा शास्त्रार्थ गर्दछन् । कुनै विषयमा सहमत हुनु, प्रतिज्ञा गर्नु र सुन्नका लागि प्रवृत्त हुनुलाई ‘प्रतिश्रवण’ भनिन्छ (दीक्षित, १९५१, पृ. ३९०), जस्तै: गां मे देहि भो:, हन्त ते ददामि ३, नित्य:शब्दो भवितुमर्हति, दत्त किमात्थ ३ अर्थात् मलाई गाई देऊ, तिमीलाई गाई दिन्छु, शब्द नित्य हुनसक्छ, देवदत्त तिमी के भन्दछौ? भन्ने चार वाक्यहरूमध्ये दोस्रो, तेस्रो र चौथो वाक्यमा क्रमशः स्वीकृति, प्रतिज्ञा र सुन्नका लागि प्रवृत्त भएको देखिन्छ। यस किसिमका शिक्षणविधि वा शास्त्रार्थ विधिहरूको उपयोग आचार्यहरूका बीचमा, अन्तेवासीहरूका बीचमा र आचार्य एवम् अन्तेवासीहरूका बीचमा पनि हुने गर्दथ्यो। पाणिनिका समयमा व्याख्यान गरिएका उपर्युक्त पाँच प्रकारका विधिहरू जुनसुकै विषयको शिक्षणमा उपयोगमा ल्याउन सकिन्छ। यी विधिहरूमध्ये वर्तमान शिक्षणमा विशेषत: शिक्षकसँग सम्बद्ध प्रकथन र भासन

दुई विधिको उपयोग गर्दै आइएको भए पनि विद्यार्थीसँग बढ्ता सम्बद्ध विमति, विप्रलाप र प्रतिश्रवण तीन विधिको उपयोग गर्न नसक्ता शिक्षणहरू प्रभावकारी बन्न सकेका छैनन्।

पतञ्जलिकालमा व्याख्यात शिक्षण विधि

महर्षि पतञ्जलिले व्याकरणमहाभाष्य (पतञ्जलि, २००४, पृ. ५४) मा आगमकाल, स्वाध्यायकाल, प्रवचनकाल र व्यवहारकाल गरी चार प्रकारले विद्या उपयुक्त हुन्छ भन्ने उल्लेख गरेका छन्। औपचारिक वा अनौपचारिक रूपमा कुनै विषय वा पाठ गुरुसँग अध्ययन गर्ने समय वा चरणलाई 'आगमकाल' भनिन्छ भने गुरुसँग पढेको विषय वा पाठलाई आफैले पुन: पढ्दै त्यसलाई बारम्बार चिन्तन एवं मनन गर्ने समय वा चरणलाई 'स्वाध्यायकाल' भनेर चिनिन्छ। त्यसैगरी गुरुसँग पढेको विषय वा पाठ आफ्नै सहपाठी साथीहरूलाई अथवा तल्लो तहका विद्यार्थीहरूलाई पढाउने समय वा चरणलाई 'प्रवचनकाल' भनिन्छ भने गुरुसँग पढेको विषय वा पाठले दिने सन्देशलाई आफ्नो व्यवहारमा अपनाउने समय वा चरणलाई 'व्यवहारकाल' भनेर बुझिन्छ। जुनसुकै पढाइलाई परिपक्वता प्रदान गर्नका लागि यी चार चरणहरू आवश्यक ठहरिने भएकाले हरेक तह र विषयको शिक्षणमा यिनलाई आगमविधि, स्वाध्यायविधि, प्रवचनविधि र व्यवहारविधिका रूपमा उपयोगमा ल्याउन सकिन्छ। वर्तमानमा सबैजसो विषयको शिक्षणमा सामान्यतया आगमविधिको उपयोग गरिँदै आइएको भए पनि अन्य तीन विधिहरू उपेक्षित बन्दै गएकाले वर्तमानको कक्षागत शिक्षण यथार्थमा अपाङ्ग हुने परिस्थितितर्फ अग्रसर भइरहेको देखिन्छ।

वर्तमानमा प्रचलित प्रमुख शिक्षण विधिहरू

वर्तमान विश्वको शिक्षण प्रणालीमा परम्परागत विधि (व्याख्यान विधि) समस्या विधि, आगमन विधि, निगमन विधि, प्रदर्शन विधि, प्रश्नोत्तर विधि, संश्लेषण विधि, विश्लेषण विधि, वस्तु विधि, दृष्टान्त विधि, कथन विधि, शोध विधि, डाल्टन योजना आदि विभिन्न विधिहरूको प्रयोग गरिएको पाइन्छ। यीमध्ये व्याकरण शिक्षणका लागि व्याख्यान, निगमन, आगमन, प्रदर्शन र प्रश्नोत्तर विधि बढ्ता उपयोगी मानिन्छन्।

परम्परागत (व्याख्यान) शिक्षण विधि

परम्परादेखि चल्दै आएको शिक्षण विधिलाई परम्परागत शिक्षण विधि भनिन्छ र यसलाई व्याख्यान विधि भनेर पनि चिन्न सकिन्छ। यसअन्तर्गत मौखिक विधि, सूत्रविधि आदि विभिन्न विधिहरू पर्दछन्। पुस्तकको प्रचार नहुँदासम्म प्राचीन समयमा मौखिक विधि बढ्ता प्रचलित थियो र यसै विधिभित्र व्याख्यान विधि पनि विकसित भएको थियो। व्याख्यानलाई पदच्छेद, पदार्थकथन, विग्रह, वाक्ययोजना र आक्षेपको समाधान गरी पाँच प्रकारमा विभाजन गरिएको पाइन्छ (पाराशरोपपुराण १८।१७–१८)। पतञ्जलिकृत व्याकरणमहाभाष्य व्याख्यान विधिको अनुसरण गरेर लेखिएको उत्कृष्ट ग्रन्थ मानिन्छ। अन्य विषयहरूको शिक्षणमा जस्तै व्याकरण विषयको शिक्षणमा पनि व्याख्यान विधिको उपयोग गर्न सकिन्छ। नव्यव्याकरणको प्रादुर्भाव हुनुभन्दा पूर्व अष्टाध्यायीक्रमले पठनपाठन हुने गर्दथ्यो भने सूत्रहरू कण्ठस्थ गरेपछि त्यसको पृथक् अर्थ कण्ठस्थ गर्नुपर्दैनथ्यो तर नव्यव्याकरणको उदय भएपछि सूत्र र त्यसको वृत्ति पनि कण्ठस्थ गर्नुपर्ने बोझले गर्दा

वर्तमानमा विद्यार्थीहरू सूत्र पनि कण्ठस्थ गर्न उदासीन बन्दै गएका छन्। नव्यव्याकरणको तल्लो तहको पाठ्यक्रममा अष्टाध्यायीको समेत पठनपाठन हुन सकेमा सूत्रको वृत्ति पनि कण्ठस्थ गर्नुपर्ने बाध्यताबाट विद्यार्थीहरू मुक्त हुन सक्थे।

समस्या शिक्षण विधि

शिक्षणका क्रममा व्याख्यानका पाँच प्रकारहरूमध्ये समाधान गरिनुपर्ने आक्षेपलाई नै समस्या शिक्षण विधि मानिएको र बृहदारण्यकोपनिषद्मा आरुणि, याज्ञवल्क्य आदिले यस विधिको प्रयोग गरेको पाइन्छ (उपाध्याय, १९९२, पृ. ३५)। समस्या विधिमा समस्याको उत्पत्ति र वर्गीकरण, समस्याको सीमाङ्कन, समाधानको अन्वेषणका लागि तथ्यको सङ्कलन, सङ्गठन एवम् विश्लेषण, परिकल्पना र समाधान गरी चार चरणहरू रहन्छन्। समस्याको समाधानका लागि आगमन, निगमन, विश्लेषण र संश्लेषण विधिको उपयोग गरिन्छ। यो विधि तल्लो तहका विद्यार्थीका लागि भन्दा उच्च तहका प्रौढ विद्यार्थीका लागि बढ्ता उपयोगी मानिन्छ।

आगमन शिक्षण विधि

सिकाइका क्रममा लक्ष्य देखाएर लक्षणको परिकल्पना गर्नुलाई आगमन शिक्षण विधि भनिन्छ (उपाध्याय, पूर्ववत्, पृ. ४३)। यस विधिमा सर्वप्रथम प्रशस्त उदाहरणहरू दिइन्छ र तिनै उदाहरणहरूका आधारमा नियम बनाइन्छ। पाणिनीय व्याकरणको परम्परामा धर्मकीर्तिद्वारा विरचित 'रूपावतार' ग्रन्थमा सर्वप्रथम उदाहरण दिएपछि सूत्र पढिएको पाइएकाले त्यसलाई आगमन विधिको आंशिक नमुना मान्न सकिन्छ भने व्याकरणगत उदाहरणहरू मात्र श्लोकबद्ध गरी रचिएको 'भट्टिकाव्य'लाई आगमन विधिको उत्कृष्ट नमुना ठान्न सकिन्छ। विद्यार्थीलाई प्रशस्त उदाहरणहरू भन्न वा सङ्कलन गर्न लगाएर आगमन विधिले व्याकरणात्मक तत्त्वहरू सिकाउन सकिएका खण्डमा उनीहरूका लागि व्याकरण बोझिलो र शुष्क नभई बढ्ता रोचकको विषय बन्न सक्छ (अधिकारी, २०५०, पृ. १५५)। उपाध्याय (१९९२, पृ. ४७) का अनुसार आगमन विधिका चार चरण रहेका छन्:

(क) उदाहरणको प्रस्तुति: सुरेन्द्र:, सुरेश:, नरेन्द्र: आदि।

(ख) निरीक्षण: उक्त शब्दहरूको सन्धिविच्छेद गरी नियमको कल्पना गरिन्छ।

(ग) नियमको निर्धारण: अ÷आ+इ÷ई = ए

अ÷आ+उ÷ऊ = ओ

अ÷आ+ऋ = अर्

(घ) निर्धारित नियमको उदाहरणमा पुन: परीक्षण।

अधिकारी (२०५०, पृ. १५६) ले उपर्युक्त चार चरणलाई क्रमश: उदाहरण, स्पष्टीकरण, नियमीकरण र अभ्यास वा आवृत्ति नाम दिएका छन्। वर्तमान समयमा निगमन शिक्षण विधिले व्याकरणको पठनपाठन हुने गरेकाले आगमन शिक्षण विधि ओझेलमा परेको छ तापनि यसलाई पुनर्जीवन दिएर निगमन विधिसँगै समन्वय गरी अगाडि बढाउन सकिन्छ।

निगमन शिक्षण विधि

सिकाइका क्रममा नियमहरू प्रस्तुत गरेर त्यसका आधारमा उदाहरणको प्रदर्शन गरी नियम र उदाहरणका बीचमा समन्वय गर्ने विधिलाई निगमन शिक्षण विधि भनिन्छ। व्याकरणलाई सैद्धान्तिक रूपमा सिकाउने दृष्टिकोण राख्ने निगमन विधिबाट शिक्षण गर्दा कम समयमा धेरै व्याकरणात्मक धारणाहरू सिकाउन सकिने र शिक्षकलाई प्रशस्त पूर्व तयारीको समेत आवश्यकता नपर्ने भएकाले सिकाउन सजिलो भए पनि यस विधिमा उदाहरण पक्ष गौण र प्रयोग पक्ष त अझै नगण्य हुने हुँदा विद्यार्थीका लागि यो विधि निकै बोझिलो र बौद्धिक ठहरिन्छ (अधिकारी, २०५०, पृ. १५७–१५८)। उपाध्याय (१९९२, पृ. ४५) का अनुसार निगमन विधिका निम्नलिखित चार चरणहरू रहेका छन्:

(क) नियमको प्रस्तुति: 'इको यणचि' (पा.,अ. ६।१।७७)।

(ख) नियमको स्पष्टीकरण: 'इक: स्थाने यण् स्याद् अचि परे।' (इक् प्रत्याहारमा पर्ने इ÷ई, उ÷ऊ, ऋ÷ॠ र लृ वर्णका स्थानमा क्रमश: यण् प्रत्याहारमा पर्ने य्, व्, र्, ल् वर्णको परिवर्तन हुन्छ अच् प्रत्याहारमा पर्ने अ÷आ, इ÷ई, उ÷ऊ, ऋ÷ॠ, लृ, ए, ओ, ऐ र औ वर्ण पछाडि भएमा)

(ग) उदाहरणको प्रदर्शन: सुधी + उपास्य: = सुद्ध्युपास्य: आदि।

(घ) पुन:परीक्षण: अन्य उदाहरणहरू दिएर नियमको परीक्षण गर्ने।

वर्तमानमा व्याकरण शिक्षण गर्दा निगमन विधिका तीन चरण त पूरा गरिन्छ तर पुन: परीक्षण गर्ने चौथो चरणको उपयोग गर्नेतर्फ विशेष ध्यान नदिँदा विद्यार्थीहरू नियमलाई व्यवहारमा ल्याउनुपर्ने परिस्थितिमा कठिनताको अनुभूति गर्दछन्। साथै निगमन विधिको पूर्णत: अनुसरण गर्दा आगमन विधि ओझेलमा पर्दै गएकाले पनि विद्यार्थीहरू निगमन विधिबाट पलायन हुँदै जाने प्रवृत्ति बढ्न थालेको देखिन्छ।

आगमन विधिबाट व्याकरण शिक्षण गर्दा क्रमश: उदाहरण र त्यसमा प्रवृत्त हुने नियम कुन हो एवम् त्यस नियमको कार्य के हो ? भन्ने जिज्ञासाको समाधान गर्न उपयुक्त हुन्छ भने निगमन विधिबाट व्याकरण शिक्षण गर्दा क्रमश: नियम कुन हो, त्यसको काम के हो? र त्यसका उदाहरणहरू के कस्ता छन्? भन्ने विशेष ध्यान दिनु आवश्यक हुन्छ। वास्तवमा आगमन र नियमन कुनै एउटा विधिको मात्र अवलम्बन गर्नुभन्दा दुवै विधिको समन्वय गरेर व्याकरण शिक्षण गर्नु प्रभावकारी हुन्छ।

व्याकरण शिक्षणमा मुख्यत: आगमन विधि, निगमन विधि, भाषासंसर्ग विधि वा प्रत्यक्ष विधि र भाषापाठ्यपुस्तक विधि गरी चार विधिहरू प्रचलनमा रहेको (अधिकारी, २०५०, पृ. १५४–१६६) भए पनि नेपाल संस्कृत विश्वविद्यालयमा हालसम्म मूल संस्कृत व्याकरण विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरूका लागि निर्माण गरिएको नव्यव्याकरण विषयको पाठ्यक्रम पछिल्ला दुई विधिहरूको उपयोग गर्न सकिने गरी निर्माण हुन भने सकेको देखिँदैन।

### प्रदर्शन शिक्षण विधि

मौखिक रूपमा व्याख्यान गरिने विषयलाई दृश्यात्मक रूपमा प्रस्तुत गरेर शिक्षण गर्नुलाई प्रदर्शन शिक्षण विधि भनिन्छ। व्याख्यान विधिमा मात्र प्रवृत्त हुँदा विद्यार्थीहरूमा देखिएको निष्क्रियपनलाई पावर प्वाइन्ट वा श्यामश्वेत पाटीमा प्रदर्शन गर्दा विद्यार्थीले आफ्नो पढाइमा रुचि र सक्रियता देखाउन सक्छन्। साथै प्रदर्शन विधिको उपयोग गर्न सकेका खण्डमा विद्यार्थीको लेखनमा देखापर्ने त्रुटिहरू पनि निराकरण हुँदै जान सक्छन्। त्यसका लागि सबै कक्षाकोठामा प्रोजेक्टर जडान गर्न सम्भव नभएका अवस्थामा शिक्षक स्वयंले व्यक्तिगत रूपमा ल्यापटपको प्रयोगद्वारा पनि विद्यार्थीलाई प्रदर्शन विधिसँग परिचित गराउन सक्छन्।

### प्रश्नोत्तर शिक्षण विधि

जुनसुकै विषयको शिक्षण गर्दा पनि सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी शिक्षणका मुख्यत: चार तह महत्त्वपूर्ण मानिन्छन्। बोलाइ शिक्षण गर्दा संवाद, प्रश्नोत्तर, वादविवाद, छलफल, अभिनय, भाषण आदि कार्यकलापहरूको उपयोग गरिन्छ। शिक्षणका क्रममा मौखिक रूपमा प्रश्न सोध्ने र मौखिक रूपमै त्यसको उत्तर दिने विधि वा कार्यकलापलाई प्रश्नोत्तर शिक्षण विधि भनिन्छ। यस किसिमको कार्यकलापको उपयोग शिक्षक र विद्यार्थी, विद्यार्थी र शिक्षक तथा विद्यार्थी र विद्यार्थीका बीचमा पारस्परिक रूपमा गराउन सकिन्छ (अधिकारी, २०५०, पृ. ४५)। कक्षामा पढिसकेका पाठ्यांशसँग सम्बद्ध प्रश्न एउटा विद्यार्थीलाई सोध्ने, त्यस विद्यार्थीले दिएको उत्तर ठिक छ कि छैन भनेर अर्का विद्यार्थीलाई परीक्षण गर्न लगाउने, दुवै विद्यार्थीले ठिक उत्तर दिन नसके तेस्रो विद्यार्थीलाई त्यही प्रश्न सोध्ने र अन्तमा विद्यार्थीले दिएका उत्तर ठिक थिए कि थिएनन् वा तिनमा सुधार गर्नुपर्ने पक्ष केही छन् भने त्यसको मार्गदर्शन गर्ने काम शिक्षकबाट हुनु राम्रो मानिन्छ। यस शिक्षण विधिको अनिवार्य रूपमा उपयोग गर्न सकेमा यसबाट विद्यार्थीहरूमा प्रश्न सोध्ने बानीको विकास मात्र हुँदैन, प्रश्नको उत्तर खोज्ने र पढेका विषयको रुचिसाथ तयारी गर्न पनि सहयोग पुग्नाका साथै शिक्षक र विद्यार्थीलाई सक्रिय बनाउन, कक्षामा नीरस र एकाङ्गी वातावरण छाउन नदिन तथा मौखिक अभिव्यक्तिको विकासमा समेत निकै सघाउ पुग्छ (अधिकारी, पूर्ववत्, पृ. ४६)।

### संस्कृत व्याकरणको शिक्षण प्रक्रिया

वर्तमानमा पाणिनीय व्याकरणका प्रक्रियाग्रन्थ, परिष्कारग्रन्थ र दार्शनिक ग्रन्थ गरी तीन प्रकारका ग्रन्थहरूको पठनपाठन हुने भएकाले ती तीनै प्रकारका ग्रन्थको शिक्षण प्रक्रियामा पनि भिन्नता पाइन्छ। प्रक्रियाग्रन्थहरूमध्येको मुख्य आधारग्रन्थ मानिने ‘वैयाकरणसिद्धान्तकौमुदी’को तिङन्त प्रकरणअन्तर्गतको भ्वादि प्रकरणदेखि स्वरप्रकरणसम्मको पाठ्यांश नेपाल संस्कृत विश्वविद्यालयको वर्तमान पाठ्यक्रममा निर्धारण गरिएको छ। यहाँ ती प्रकरणहरूलाई मुख्यतः तिङन्त, सनाद्यन्त, आत्मनेपद र परस्मैपद, भाव, कर्म र कर्तृ, लकारार्थ, कृदन्त, वैदिक र स्वर गरी आठ प्रकरणमा विभाजन गरी तिनको सङ्क्षिप्त शिक्षण प्रक्रियाको चर्चा गरिएको छ।

तिङन्त प्रकरणको शिक्षण प्रक्रिया

तिप्, तस्, झि आदि १८ वटा प्रत्यय अन्तमा हुने शब्दलाई 'तिङन्त' र त्यस्ता शब्दको निर्माणप्रक्रिया अध्ययन गरिएको प्रकरणलाई तिङन्त प्रकरण भनिन्छ। मुख्यतः भ्वादि प्रकरणदेखि चुरादि प्रकरणसम्मका १० प्रकरणहरू तिङन्त प्रकरणभित्र पर्दछन्। तिङन्त प्रकरणको शिक्षण गर्नुपूर्व विद्यार्थीलाई निम्नलिखित विषयमा पूर्वजानकारी गराउनु उपयुक्त हुन्छ:

(क) परस्मैपदी र आत्मनेपदी तिङ् प्रत्यय कुन कुन हुन् ?

(ख) धातुहरूलाई किन भ्वादि आदि १० गणमा विभाजन गरिएको हो ?

(ग) धातुलाई आत्मनेपदी आदि तीन प्रकारमा विभाजन गर्ने आधारहरू के के होलान् ?

(घ) धातुलाई किन सेट् र अनिट् तथा सकर्मक र अकर्मक भनिएको होला ?

(ङ) लकारका प्रकार र तिनको सामान्य परिचय केकस्तो छ ?

(च) नेपाली र अङ्ग्रेजी भाषाका तुलनामा संस्कृत भाषाका तिङन्त पदमा वचन र पुरुषको व्यवस्था कसरी निर्धारण गरिन्छ ?

(छ) तिङन्त पदमा कहाँ कहाँ विसर्गको सम्भावना रहन्छ ?

(ज) सार्वधातुकसंज्ञक र आर्धधातुकसंज्ञक लकारमा ख्याल गर्नुपर्ने कुराहरू के के होलान् ?

(झ) परस्मैपदी र आत्मनेपदी धातुका रूपहरू सिद्ध गर्दा ध्यान दिनुपर्ने कुराहरू के के होलान् ?

तिङन्तको शिक्षण गर्नुभन्दा पूर्व आधारभूत रूपमा भू र एध् धातुका रूपावलीको शिक्षण गरी तिनलाई कण्ठस्थ गर्न प्रेरित गर्नुपर्छ । त्यसपछि प्रचलित मुख्य धातु, तिनको अर्थ र तिनको लट्, लृट्, लोट् र लङ् लकारका सुरुको एउटा एउटा रूपको निम्नानुसार तालिका बनाई थप रूपहरू भन्न विद्यार्थीलाई प्रोत्साहन गर्नुपर्छ, जसले गर्दा विद्यार्थीहरूले कण्ठस्थ नगरीकन पनि धातुका अन्य रूपहरू बुझ्न सक्छन्।

| धातु | अर्थ | लट् लकार (वर्तमान) | लृट् लकार (भविष्यत्) | लोट् लकार (आज्ञार्थ) | लङ् लकार (भूत) |
|---|---|---|---|---|---|
| खाद् | खानु | खादति | खादिष्यति | खादतु | अखादत् |
| पठ् | पढ्नु | पठति | पठिष्यति | पठतु | अपठत् |
| हस् | हाँस्नु | हसति | हसिष्यति | हसतु | अहसत् |
| गम् | जानु | गच्छति | गमिष्यति | गच्छतु | अगच्छत् |
| यज् | यज्ञ गर्नु | यजति | यक्ष्यति | यजतु | अयजत् |

यसैगरी अदादि आदि अन्य नौ गणमा पढिएका धातुका लट्, लृट्, लोट् र लङ् लकारका रूपहरूको पनि शिक्षण गरेर मात्रै रूपसिद्धिप्रक्रियाको शिक्षणतर्फ अग्रसर हुनुपर्छ । तिङन्त रूपहरूको सिद्ध गर्दा सामान्यतया अपनाउनुपर्ने प्रारम्भिक प्रक्रियाहरू यसप्रकार छन्:

(क) धातुको अर्थ, धातु, लकार, पुरुष, वचन र तिङ् प्रत्ययको निर्देश।

(ख) सार्वधातुकसंज्ञा वा त्यसको अपवादमा आर्धधातुकसंज्ञा निर्देश।

(ग) सार्वधातुकसंज्ञा भए शप् (लुक्, श्लु), श्यन् आदि प्रत्ययको विधान।

(घ) पित् सार्वधातुक प्रत्ययलाई निमित्त मानेर धातुका अच्को गुण, अय्, अव् आदि आदेश।

(ङ) शप् आदि प्रत्ययको अपवादमा स्य, तास्, च्लि आदि प्रत्यय भएमा तिनको आर्धधातुकसंज्ञा र इट् आगमको निर्देश।

(च) लिट् लकारमा तथा श्लु र चङ् पर भएमा धातुको द्वित्व, अभ्याससंज्ञा, हलादिशेष, जश्त्व वा चत्र्व आदिको निर्देश।

(छ) लिङ् लकारको परस्मैपदमा यासुट् आगम तथा आत्मनेपदमा सीयुट् आगमको निर्देश।

(ज) लुङ् लकारमा अट् वा आट् आगम, च्लि प्रत्ययका स्थानमा सिच्, चङ्, क्स आदि आदेशको निर्देश।

(झ) लट्, लिट्, लुट्, लृट्, लेट् र लोट् टित् लकारमा आत्मनेपदी प्रत्ययका टिसंज्ञक वर्णको एत्व निर्देश आदि।

सनाद्यन्त प्रकरणको शिक्षण प्रक्रिया

सन्, क्यच्, काम्यच्, क्यङ्, क्यष्, क्विप्, णिच्, यङ्, यक्, आय, इयङ् र णिङ् अन्तमा हुने शब्दलाई सनाद्यन्त भनिन्छ। यस्ता शब्दलाई धातुसंज्ञा हुन्छ (पा.,अ. ३।१।३२)। धातुसंज्ञा भएपछि सामान्यतया सबै सनाद्यन्त धातुका रूपहरू भ्वादि गणपठित धातुका जस्तै हुन्छन्। सनादि प्रत्ययहरू लाग्दा अपनाइने प्रमुख प्रक्रियाहरू निम्नानुसार छन्:

(क) प्रत्येक सनादि प्रत्ययको अर्थ भिन्नाभिन्नै छ भन्ने कुरा ख्याल गर्ने।

(ख) धातुदेखि विधान गरिने भएकाले सबै सनादि प्रत्ययलाई आर्धधातुकसंज्ञा र आर्धधातुकसंज्ञालाई निमित्त मानेर सनादि प्रत्ययको प्रायः इट् आगम हुने।

(ग) सन् र यङ् प्रत्ययलाई आधार मानेर धातुको द्वित्व, अभ्याससंज्ञा, हलादिशेष आदि गर्ने।

(घ) सन् प्रत्यय पर भएमा अभ्यासका अकारको इत्व गर्ने।

(ङ) यङ् र यङ्लुक्मा धातुका अभ्यासको गुणका साथै केही धातु विशेषमा अभ्यासका अकारको नुक्, नीक्, रीक्, रुक् र रिक् आगम हुने।

(च) नामलाई धातु बनाउने सन्दर्भमा क्यच्, काम्यच्, क्यङ्, क्विप्, क्यष् र णिङ् प्रत्यय पर भएमा धातुको अवयव सुप् प्रत्ययको लुक् र क्यच् पर भएमा अकारको ईत्व गर्ने।

(छ) पिपठिष, बोभूय, पुत्रीय, चोरय आदि सनाद्यन्त धातुदेखि लट् आदि सार्वधातुकसंज्ञक लकारमा शप् प्रत्यय हुँदा धात्वन्त अकारको शप्का अकारसँग पररूप गर्ने आदि।

आत्मनेपद र परस्मैपद प्रकरणको शिक्षण प्रक्रिया

परस्मैपदमा पढिएका धातुको आत्मनेपदमा विधान गर्ने र आत्मनेपदमा पढिएका धातुको समेत परस्मैपद संज्ञा हुने प्रक्रियालाई आत्मनेपद र परस्मैपद प्रकरणको शिक्षण प्रक्रिया भनेर बुझ्न सकिन्छ । कस्ता धातुमा परस्मैपद गर्ने र कस्ता धातुमा आत्मनेपद गर्ने भन्ने केही नियम तिङन्त प्रकरणको प्रारम्भमा पनि पढिएका छन् । त्यसका अतिरिक्त पाणिनिले पहिला आत्मनेपदप्रकरणमा आत्मनेपदको विशेष व्यवस्था गर्ने नियमहरू पढेर त्यसपछि परस्मैपदप्रकरणमा परस्मैपदसंज्ञा गर्ने सूत्र पढेका छन् । आत्मनेपद र परस्मैपद हुने नियमहरूको विशेष कार्यलाई सारांशका रूपमा छुट्टाछुट्टै तालिकीकरण गरेर शिक्षण गर्नु प्रभावकारी मानिन्छ।

भाव, कर्म र कर्तृ प्रकरणको शिक्षण प्रक्रिया

भाववाच्य, कर्मवाच्य र कर्तृवाच्यका क्रियापदहरूको के–कसरी निर्माण गर्ने भन्ने बारेमा वैयाकरणसिद्धान्तकौमुदीमा दुईवटा प्रकरणहरू पढिएका छन् र तिनमा भएको व्यवस्थाको शिक्षण गर्नुलाई भाव, कर्म र कर्तृ प्रक्रियाको शिक्षण भनेर बुझ्न सकिन्छ। यसका लागि निम्नानुसारका प्रारम्भिक प्रक्रियाहरू अवलम्बन गरिन्छ:

(क) सार्वधातुकसंज्ञक भावकर्मवाची प्रत्यय पर भएमा सबै धातुदेखि यक् (य) प्रत्यय हुने।

(ख) आर्धधातुकसंज्ञक स्य, सिच् आदि प्रत्यय पर भएमा चिणवद्भाव हुने।

(ग) भाववाच्य र कर्मवाच्यका क्रियापदहरूको आत्मनेपदमा प्रयोग हुने।

(घ) कर्मस्थ क्रियाले तुल्य भएको कर्तृवाच्य क्रियापदमा पनि भाववाच्य र कर्मवाच्यका जस्तै प्रक्रियाहरू प्रवृत्त हुने।

लकारार्थ प्रकरणको शिक्षण प्रक्रिया

लट्, लिट् आदि लकारहरूको अर्थ निर्धारण गर्ने प्रकरणको शिक्षण गर्ने प्रक्रियालाई लकारार्थ प्रकरणको शिक्षण प्रक्रिया भनिन्छ। लकारार्थ शिक्षणका प्रारम्भिक प्रक्रियाहरू यसप्रकार छन्:

(क) लङ् लकारको अपवादमा अभिज्ञावचन र साकाङ्क्ष शब्द उपपद भएमा भूतानद्यतन अर्थमा धातुदेखि लृट् लकार हुने।

(ख) हश र श्वत शब्द उपपद भएमा तथा आसन्नकालमा प्रश्नार्थमा लिट् लकारका विषयमा लङ् र लिट् लकार हुने।

(ग) स्म शब्दको योगमा, अपरोक्षमा र पृष्टप्रतिवचन अर्थमा ननु शब्दको योगमा पनि भूतकालमा लट् लकार हुने।

(घ) पुरा शब्दको योगमा भूतानद्यतन अर्थमा लुङ् र लट् लकार हुने।

(ङ) यावत् र पुरा निपात शब्दको योगमा, कदा र कर्हि शब्दको योगमा, लिप्सार्थकमा किम् शब्दको योगमा, लिप्स्यमानद्वारा सिद्ध अर्थमा र लोडर्थमा समेत लट् लकार हुने आदि।

कृदन्त प्रकरणको शिक्षण प्रक्रिया

तिप्, तस्, झि आदि तिङ् प्रत्ययलाई छाडेर धातुदेखि विधान गरिने सबैजसो प्रत्ययलाई कृत् प्रत्यय भनिन्छ (पा.,अ. ३।१।९३)। त्यसभित्र पनि ण्वुल् प्रत्ययभन्दा पूर्वका तव्यत्, तव्य, अनीयर्, केलिमर्, यत्, क्यप् र ण्यत् सातवटा प्रत्ययलाई कृत्य प्रत्यय भनिन्छ भने त्यस्ता प्रत्ययहरूको अध्ययन गरिएको प्रकरणलाई कृत्यप्रकरण भनेर चिनिन्छ। कृदन्त प्रकरणलाई पूर्वकृदन्त र उत्तरकृदन्त गरी दुई प्रकारमा विभाजन गरिएको छ। 'ण्वुल्तृचौ' (पा.,अ. ३।१।१३३) सूत्रदेखि 'कर्तरि चर्षिदेवतयोः' (पा.,अ. ३।२।१८६) सूत्रसम्मका तृतीय अध्यायको पहिलो र दोस्रो पाउमा पढिएका सूत्रहरूलाई पूर्वकृदत प्रकरणमा र 'उणादयो बहुलम्' (पा.,अ. ३।३।१) सूत्रदेखि 'अन्वच्यानुलोम्ये' (पा.,अ. ३।४।६४) सूत्रसम्मका तृतीय अध्यायको तेस्रो र चौथो पाउमा पढिएका सूत्रहरू उत्तरकृदन्तमा पढिएका छन्। यसरी कृदन्तलाई पूर्व र उत्तर गरी दुई प्रकारमा विभाजन गर्ने मुख्य आधारका रूपमा अध्यायगत दुई दुई पाउन नै रहेको देखिन्छ। कृत् प्रत्यय वा कृत्य प्रत्यय लगाएर शब्दनिर्माण गरिने कृदन्त प्रकरणको शिक्षण गर्ने प्रक्रियालाई कृदन्त प्रकरणको शिक्षण प्रक्रिया भनिन्छ। कृदन्त प्रकरणको शिक्षणका लागि निम्नानुसारका सामान्य प्रक्रियाहरू अवलम्बन गरिन्छ:

(क) सिद्ध गरिने कृदन्त शब्दको विग्रह गरी धातु निर्देश गर्ने।

(ख) कृत्य प्रत्यय वा कृत् प्रत्यय विधान गर्ने सूत्र वा वार्तिक निर्देश गर्ने।

(ग) कृत्य प्रत्यय वा कृत् प्रत्ययको आर्धधातुकसंज्ञा गरी इट् आगम गर्नुपर्ने भएमा त्यसको निर्देश गर्ने।

(घ) णत्व, षत्व, गुण, वृद्धि आदि विशेष कार्यहरू केही भए तिनको निर्देश गर्ने।

(ङ) अन्तमा कृदन्त शब्दको प्रातिपदिकसंज्ञा गरी स्वादिकार्य गर्ने।

वैदिक प्रकरणको शिक्षण प्रक्रिया

पाणिनीय व्याकरण लौकिक र वैदिक दुवै संस्कृतका लागि उपयोगी हुने गरी रचना गरिएको छ। लौकिक शब्दको निर्माणका लागि वैयाकरणसिद्धान्तकौमुदीको संज्ञाप्रकरणदेखि उत्तरकृदन्त प्रकरणसम्मका प्रकरणहरूको व्यवस्था गरिएको छ भने वैदिक शब्दको निर्माणका लागि वैदिक प्रकरण र वैदिक शब्दमा प्रवृत्त हुने स्वरहरूको निर्धारणका लागि स्वरप्रकरणको पृथक् व्यवस्था गरिएको छ। वैदिक शब्दको निर्माणका क्रममा प्रवृत्त हुने सबैजसो प्रक्रियाहरूलाई अष्टाध्यायीको अध्यायक्रमले पढिएको छ। वैदिक शब्दको शिक्षणमा प्रवृत्त हुने प्रक्रियालाई वैदिक प्रकरणको शिक्षण प्रक्रिया भनेर बुझ्न सकिन्छ। वैदिक प्रक्रियामा तुलनात्मक शिक्षण विधिको समेत उपयोग गर्न सकिन्छ। वैदिक प्रकरणको शिक्षणका लागि सामान्यतया निम्नानुसारका प्रक्रियाहरू अवलम्बन गरिन्छन्:

(क) सिद्ध गरिने वैदिक शब्दको लौकिक रूप कस्तो हुन्छ भनी त्यसको लौकिक प्रक्रियाका प्रकरणक्रमको विशेष ख्याल गर्ने।

(ख) सिद्ध गरिने वैदिक शब्दमा प्रवृत्त हुने मुख्य सूत्र वा वार्तिक कुन हो र त्यसको काम के हो ? निर्देश गर्ने।

(ग) मुख्य कामका अतिरिक्त विशेष काम केही भए त्यसको समेत निर्देश गर्ने।

(घ) वेदमा मात्र प्रवृत्त हुने लेट् लकारका प्रक्रिया जस्ता कार्यलाई छाडेर लोकमा प्रवृत्त हुने शब्द भए वैदिक शब्दको सिद्धिप्रक्रिया देखाइसकेपछि लौकिक प्रक्रियामा यस्तो रूप हुन्छ भन्ने निर्देश गर्ने।

(ङ) वैदिक प्रकरणमा 'व्यत्यय' र 'बहुल' शब्दको प्रवृत्ति बढ्ता देखिने भएकाले त्यस्ता प्रवृत्तिको विशेष ख्याल गर्ने आदि।

स्वर प्रकरणको शिक्षण प्रक्रिया

उदात्त, अनुदात्त, स्वरित आदि स्वरको निर्धारण गरिएको प्रकरणको शिक्षण गर्ने प्रक्रियालाई स्वर प्रकरणको शिक्षण प्रक्रिया भनिन्छ। अन्य प्रकरणका तुलनामा स्वर प्रकरण अमूर्त जस्तै भएकाले स्वर प्रकरणको राम्रोसँग शिक्षण गर्न त्यति सरल देखिँदैन। प्रत्येक वेदका प्रत्येक शाखासँग पृथक् रूपमा लेखिएका व्याकरणग्रन्थहरू नै 'प्रातिशाख्य' नामले प्रसिद्ध छन्। सबै वेदमा प्रयुक्त शब्दको सामान्य ज्ञानका लागि पाणिनीय व्याकरणमा स्वर प्रकरणको व्यवस्था गरिएको हो। यस प्रकरणले सबै वेदका सबै वैदिक शब्दको स्वर निर्धारण गर्न सक्तैन र त्यसका लागि विद्यार्थीलाई प्रातिशाख्य ग्रन्थहरूसँग पनि परिचित हुन प्रेरित गर्नुपर्छ। वर्तमानमा संस्कृतका विद्वान्हरू संस्कृतको मानक उच्चारण गर्न नसकी आआफ्नै मातृभाषाअनुसार उच्चारण गर्ने, ह्रस्व र दीर्घको तथा श, ष र स–को उच्चारण पनि एकै किसिमले गरी फरक फरक किसिमले नगर्ने हुँदा संस्कृत ध्वनिहरूको उच्चारणमा व्यभिचार व्याप्त भएको र त्यसको निराकरणका लागि संस्कृत विश्वविद्यालयहरूमा प्रातिशाख्यको पठपाठन हुनुपर्छ (पोखरेल, २०६१, पृ. १९६)। त्यसो हुन सक्यो भने मात्रै पाणिनीय व्याकरणअन्तर्गतको वैयाकरणसिद्धान्तकौमुदीको स्वर प्रकरणको शिक्षणको समेत सार्थकता हुनेछ। स्वर प्रकरणको शिक्षणका लागि सामान्यतया निम्नानुसारका प्रारम्भिक प्रक्रियाहरू अवलम्बन गरिन्छ:

(क) स्वर निर्धारण गर्ने शब्दहरू वाक्यात्मक हुने भएकाले कुन शब्दको स्वर निर्धारण गर्न खोजिएको हो? त्यसको सर्वप्रथम पहिचान गर्ने।

(ख) सम्बद्ध शब्दमा साधारण, धातु, प्रातिपदिक, प्रत्यय, समास र तिङन्त स्वरहरूमध्ये कुन स्वर निर्धारण गरिने हो ? त्यसको निक्र्योल गर्ने।

(ग) सम्बद्ध शब्दमा प्रवृत्त हुने मुख्य सूत्र वा वार्तिक र त्यसको काम निर्देश गरी अन्य विशेष काम केही भए गर्ने आदि।

## निष्कर्ष

संस्कृत वाङ्मयमा प्राचीन कालदेखि विभिन्न व्याकरणहरूको रचना गरिएको भए पनि संस्कृत विषयको पठनपाठनका क्षेत्रमा प्रत्यक्ष रूपमा पाणिनीय व्याकरण नै हालसम्म कायम रहँदै आएको छ भने अप्रत्यक्ष रूपमा यसबाट नेपाली, थारू आदि आधुनिक आर्यभाषाहरूका व्याकरणका विविध पक्षहरू प्रभावित हुँदै आएका छन्। बृहदारण्यकोपनिषद्को दर्शनविधि, पाणिनिकालका प्रकथनविधि र भासनविधि तथा पतञ्जलिकालको आगमविधिको उपयोग वर्तमानमा अप्रत्यक्ष रूपमा हुँदै आए पनि श्रवण, मनन, निदिध्यासन,

विमति, विप्रलाप, प्रतिश्रवण, स्वाध्याय, प्रवचन र व्यवहार जस्ता प्राचीन शिक्षण विधिहरू उपेक्षित भएको हुँदा वर्तमानमा अधिकांश विषयहरूको शिक्षण प्रभावकारी बन्न नसकेका अवस्थामा यिनको समेत उपयोग गर्नु आवश्यक देखिन्छ। वर्तमानमा प्रचलित विभिन्न शिक्षण विधिहरूमध्ये व्याकरण शिक्षणका लागि व्याख्यान, निगमन, आगमन, प्रदर्शन र प्रश्नोत्तर विधि बढ्ता उपयोगी मानिए पनि निगमन विधिको मात्र प्रयोग गर्ने गरिएकाले शिक्षणलाई थप प्रभावकारी बनाउन अन्य विधि पनि उपयोगमा ल्याउनु आवश्यक छ। संस्कृत व्याकरणको शिक्षणका सन्दर्भमा प्रक्रियाग्रन्थमध्ये मुख्य ग्रन्थ मानिने 'वैयाकरणसिद्धान्तकौमुदी'को शिक्षणका क्रममा परम्परागत व्याख्यान प्रक्रिया मात्र अवलम्बन गरिनाले प्रभावकारी बन्न नसकेको शिक्षण प्रक्रियालाई सुबन्तजस्तै तिङन्तका अवान्तर भ्वादि आदि प्रकरणसँग सम्बद्ध विषयवस्तुको प्रारम्भिक जानकारी र प्रकरणगत प्रमुख विशेषताको पहिचानसहित शिक्षण गर्दै जान सकिएका खण्डमा संस्कृत व्याकरणको शिक्षणप्रक्रिया क्रमशः बढ्ता व्यावहारिक र उपलब्धिमूलक बन्न सक्ने देखिन्छ।

## सन्दर्भ ग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०५०). नेपाली भाषा शिक्षण. कुञ्जल प्रकाशन ।

आप्टे, शिवराम (सम्पा. २००७). संस्कृत हिन्दी कोश. मोतीलाल बनारसीदास ।

उपाध्याय:, भुवनेश र रा. देवनाथ (१९९२ सन्). व्याकरणशिक्षणविधय:. भारतीय विद्या भवन ।

उपाध्याय:, विद्यानाथ: (२०५३). 'नेपाले संस्कृतशास्त्रीयविषयशिक्षणम्'. संस्कृतविद्वत्सम्मेलनसंस्मरणग्रन्थ:. पृ. ९७—१०८. महेन्द्रसंस्कृतविश्वविद्यालय:।

घिमिरे, जनार्दन (२०२३). 'वैदिक शिक्षण विधि: श्रवण, मनन, निदिध्यासन र वर्तमान शिक्षण प्रणालीमा उपादेयता'. त्रिभुवन विश्वविद्यालय जर्नल. वर्ष ३८. अङ्क १ . पृ. २२२—२३६. अनुसन्धान निर्देशनालय त्रिभुवन विश्वविद्यालय ।

ढकाल:, वेणीमाधव: (२०६२). 'संस्कृतशिक्षाया युगानुकूलप्रवृत्तये, जनाकर्षणक्षमताऽभिवृद्धये गुणम्पत्तये च विधेयानां क्रियाकलापानां दिग्दर्शनम्'. ऋतम्भरा. वर्ष ८. अङ्क ११. पृ. १२—२२. म.सं.वि. अनुसन्धान–केन्द्रम् ।

त्रिपाठी, कपिलदेव (सम्पा. सन् १९९०). पाराशरोपपुराणम् (समीक्षात्मकं सम्पादनम्). सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

पतञ्जलि (२००४ सन्). व्याकरणमहाभाष्यम् (प्रथम: खण्ड:. सम्पा. भार्गव शास्त्री जोशी). चौखम्बा संस्कृत प्रतिष्ठान ।

पाणिनि (१९७७ सन्). अष्टाध्यायीसूत्रपाठः (व्या. नारायण मिश्र). वाराणसी. चौखम्बा ओरियन्टालिया ।

पोखरेल, माधवप्रसाद (२०६१). 'संस्कृत विश्वविद्यालयहरूमा प्रातिशाख्यको पठनपाठन हुनुपर्छ'. ऋतम्भरा. वर्ष ७. अङ्क १०. पृ. १९१—१९६. म.सं.वि. अनुसन्धान केन्द्र ।

बृहदारण्यकोपनिषद् (२०५८). गोविन्दभवन कार्यालय गीताप्रेस ।

दीक्षित, भट्टोजि (१९५१ सन्). वैयाकरणसिद्धान्तकौमुदी (चतुर्थो भाग:. सम्पा. गिरिधर शर्मा र परमेश्वानन्द शर्मा). मोतीलाल बनारसीदास ।

दीक्षित, भट्टोजि (१९८२ सन्). वैयाकरणसिद्धान्तकौमुदी (द्वितीयो भाग:. सम्पा. गिरिधर शर्मा र परमेश्वानन्द शर्मा).मोतीलाल बनारसीदास ।

दीक्षित, भट्टोजि (१९८६ सन्). वैयाकरणसिद्धान्तकौमुदी (प्रथमो भाग:. सम्पा. गिरिधर शर्मा र परमेश्वानन्द शर्मा).मोतीलाल बनारसीदास ।

दीक्षित, भट्टोजि (२००५ सन्). वैयाकरणसिद्धान्तकौमुदी (तृतीयो भाग:. सम्पा. गिरिधर शर्मा र परमेश्वानन्द शर्मा). मोतीलाल बनारसीदास ।

वामन–जयादित्य (२०४२). काशिका (द्वितीय भाग:. सम्पा. जयशङ्करलाल त्रिपाठी र अन्य). तारा बुक एजेन्सी ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०५२). शोधविधि. साझा प्रकाशन ।